
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार २९ गते शुक्रबार ❑ 14 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## बीआरआई कार्यान्वयनमा छलफल भइरहेको छ : सरकार

**रासस**
काठमाडौं, २८ असार

सरकारले सन् २०१७ मा चीनसँग भएको बेल्ट एण्ड रोड परियोजना (बीआरआई)को कार्यान्वयबारे छलफल भइरहेको जानकारी गराएको छ।

राष्ट्रियसभाको बिहीबारको बैठकमा सम्बोधन गर्दै परराष्ट्रमन्त्री एनपी साउदले भन्नुभयो, "दुई देशबीच बीआरआई कार्यान्वयन योजनामा छलफल जारी छ ।" नेपाल र चीनबीच सन् २०१७ मा बीआरआईसम्बन्धी सम्झौता भएको थियो । यद्यपि बीआरआईका कुन-कुन परियोजनालाई कसरी अघि बढाउने भन्ने विषयमा भने कुनै निर्णय हुनसकेको छैन।

यसअघि गत पुस १७ मा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटनका क्रममा नेपालका लागि चिनियाँ राजदूत छन् सोङ्ले बीआरआई अन्तर्गतको परियोजना कार्यान्वयन भएको दाबी गर्नुभएको थियो । परराष्ट्रमन्त्री साउदले भने यसअघि पनि बीआरआईको कुनै पनि परियोजना अघि बढ्न नसकेको बताउनुभएको थियो।

चीनका तत्कालीन विदेशमन्त्री वाङ यीको मार्च २०२२ मा सम्पन्न नेपाल भ्रमणमा हस्ताक्षर भएअनुसार केरुङ-काठमाडौँ रेलवेको सम्भाव्यता अध्ययन तथा दुई देशबीच अन्तरदेशीय विद्युत प्रसारण लाइनको सम्भाव्यता अध्ययन भइहेको पनि परराष्ट्रमन्त्री साउदकोभ नाइ छ।

परराष्ट्रमन्त्री साउदले गुण र दोषका आधारमा अन्तर्राष्ट्रिय सम्बन्धमा स्वतन्त्र धारणा बनाउने नेपालको कूटनीतिक प्रयास भएको उल्लेख गर्दै भन्नुभयो, "गुण र दोषका आधारमा अन्तर ाष्ट्रिय मुद्दामा स्वतन्त्र धारणा बनाउने, मतदान गर्ने तथा अन्तर ाष्ट्रिय सम्बन्धलाई न्यायपूर्ण, निष्पक्ष, उत्तरदायी र सहयोगात्मक बनाउने दिशामा नेपालको कूटनीतिक प्रयास उन्मुख छ।"

राष्ट्रियसभामा विनियोजन विधेयक, २०६० अन्तर्गत परराष्ट्र मन्त्रालय एवम् मातहतका निकायका लागि विनियोजन गरिएको बजेट तथा कार्यक्रममाथि भएको छलफलको क्रममा पूर्वपरराष्ट्रमन्त्री विमला पौड्याल राईले नेपाल असंलग्न परराष्ट्र नीतिबाट विचलित भएको हो कि भन्ने जिज्ञासा राख्नुभएको थियो। परराष्ट्र नीति सञ्चालनका मूलभूत आधार नेपालको संविधानले निर्दिष्ट गरेको र असंलग्नता ती आधारमध्ये प्रमुख आधार रहिआएको छ । नेपालले सार्वभौमिक समानता, पारस्परिक सम्मान र लाभका आधारमा छिमेकीलगायत अन्य मुलुकसँगको सम्बन्धलाई सुदृढ र विस्तार गर्दै आएको भन्दै नेपालको स्वतन्त्र, सन्तुलित, निष्पक्ष र वस्तुनिष्ठ दृष्टिकोणका कारण विश्व जगतमा विश्वसनीयता र सम्मान आर्जन हुनसकेको पनि परराष्ट्रमन्त्री साउदको भनाइ छ।

परराष्ट्रमन्त्री साउद हालै मात्र पनि जुलाई ३ देखि ६ सम्म अजरबैजानको बाकुमा सम्पन्न असंलग्न आन्दोलनको सम्मेलनमा सहभागी भएर फर्कनुभएको हो । उक्त बैठकलाई आफ्नो सम्बोधनबारे पनि परराष्ट्रमन्त्री साउदले राष्ट्रियसभालाई जानकारी गराउनुभएको हो।

"मैले बदलिँदो अन्तर्राष्ट्रिय परिवेशमा असंलग्न आन्दोलनको सान्दर्भिकता र महत्वलाई थप उजागर गर्न सहकार्य गर्ने नेपाल सरकारको प्रतिबद्धता व्यक्त गरेको थिएँ, साथै हाल विश्वका जल्दाबल्दा राजनीतिक तथा आर्थिक मुद्दाको समाधानका लागि असंलग्न आन्दोलनमा आवद्ध सदस्य राष्ट्रहरूको ऐक्यबद्धता र सहकार्यमा जोड दिएको थिएँ, तसर्थ असंलग्न परराष्ट्र नीतिको अवलम्बनतर्फ नेपालको प्रतिबद्धता अटुट रहेको स्पष्ट पार्न चाहन्छु।"

## १३ नम्बर वडावासीलाई निःशुल्क एम्बुलेन्स सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार




पोखरा महानगरपालिका १३ नं. वडा कार्यालयले वडावासीलाई विहीवारबाट निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको छ।

सामान्य विरामी हुँदा उपचार खर्चको समेत जोहो गर्न धौधौ पर्ने नागरिकलाई आकस्मिक उपचारका लागि अस्पतालसम्म जाने एम्बुलेन्सलाई तिर्ने भाडा नहुँदा महङ्गो ट्याक्सी लिनुपर्ने वाध्यताको अन्त्य गर्न निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको वडा अध्यक्ष किरण बरालले जानकारी दिएका छन् ।

१३ नम्बर वडा ग्रामीण भेगसम्म फैलिएको र पोखराभित्र पनि विकट भएको मानिन्छ। सर्वसाधरणलाई पोखरा महानगरवासी हुनुको महसुस दिलाउन पनि आपतविपतको साथी स्थानीय सरकार हो भन्ने उद्देश्यले एम्बुलेन्स सेवा सञ्चालन गरिएको हो। आफूलाई सधैं नागरिकको सेवक ठान्ने वडा अध्यक्ष बरालले निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा आएपछि आफूले गरेको वाचाहरू पूरा हुँदै गएको बताए। १३ नम्बर वडावासीलाई पोखराको जुनसुकै अस्पतालसम्म पुग्न पहुँच र सहज होस् भन्ने भावनाले यो अभियान सुरु गरिएको हो।

वडावासीलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्दा वडालाई वार्षिक ४ देखि ५ लाख खर्च थपिने छ यसका लागि सहयोगी हातहरू खोजी भइरहेको जनाइएको छ । सेवा लिनका लागि बिरामी आफै वा आफन्तले खबर गरे पुग्ने एम्बुलेन्स घरमै पुग्ने छ।

## भानुजयन्तीमा कविता प्रतियोगितामा नवलपुरका पौडेल प्रथम

**पोखरापत्र संवाददाता**
दमौली, २८ असार

दुई सय दशौं भानुजयन्तीको अवसरमा आयोजित कविता प्रतियोगितामा नवलपुरका दयाराम पौडेल प्रथम हुनुभएको छ।

आदिकवि भानुभक्त जन्मस्थल विकास समितिले तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घामा आज आयोजना गरेको प्रतियोगितामा नवलपुरको देवचुलीनगरपालिका-२ का पौडेल प्रथम हुनुभएको हो । प्रतियोगितामा तनहुँको देवघाटका विवेक पराजुली द्वितीय, तनहुँकै भानु नगरपालिका-४ का विनायक नेपाली तृतीय र सोही ठाउँका सूर्यदेवी पौडेल र आयुष आचार्य सान्त्वना हुनुभएको छ । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः रु १० हजार, रु सात हजार, रु पाँच हजार र एक हजार पाँच सय नगद प्रदान गरिनेछ। रामायण वाचन प्रतियोगितामा तनहुँको भानु नगरपालिका-४ का आराध्या ढकाल प्रथम, व्यास नगरपालिकाका स्वाधीनता पौडेल द्वितीय, भानु नगरपालिका-४ का प्रस्तुती आचार्य तृतीय र विनिषा श्रेष्ठ र रक्षा पौडेल सान्त्वना हुनुभएको छ। उहाँहरूलाई क्रमशः रु पाँच हजार, रु तीन हजार, रु एक हजार र रु पाँच सय नगद प्रदान गरिनेछ । भानुजयन्तीको विशेष अवसरमा भोलि शुक्रबार आयोजना हुने कार्यक्रममा उक्त पुरस्कार प्रदान गरिने विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले जानकारी दिनुभयो । भानुजयन्तीको अवसरमा शुक्रबार प्रभातफेरि, प्रवचन, पुरस्कार वितरणलगायतका कार्यक्रम आयोजना गरिएको छ । भानु नगरपालिका-४ चुँदीरम्घामा विसं १८७१ असार २९ गते जन्मिएका आचार्यको विसं १९२५ असोज ६ गते निधन भएको थियो । नेपाली साहित्यका प्राथमिककालका प्रतिनिधि कविका रूपमा परिचित भानुभक्त वाल्मीकि रामायणका अनुवादकका रूपमा प्रख्यात छन्। मोतीराम भट्टले उनलाई पहिलो पटक नेपाली भाषाका आदिकवि उपाधि दिएका थिए । भानुभक्तले प्रश्नोत्तर, भक्तमाला, बधुशिक्षा लगायतका कृति लेखेका छन् । उनका पाण्डुलिपिलाई सङ्ग्रह गरेर मोतिराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि उनी नेपाली साहित्यिमा चिनिएका थिए।

गण्डकी प्रदेशले भानुजयन्तीका अवसरमा शुक्रबार सार्वजनिक बिदासमेत दिएको छ। प्रदेश मन्त्रिपरिषद्को मिति २०७९ चैत ८ गतेको निर्णयअनुसार प्रदेश राजपत्रमा प्रकाशित सार्वजनिक बिदासम्बन्धी सूचनाबमोजिम भानुजयन्तीका अवसरमा उक्त दिन बिदा दिने निर्णय गरिएको हो।

## डेङ्गु विरुद्धको अभियान सञ्चालन गर्न पुन:आग्रह

**रासस**
काठमाडौं, २८ असार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले डेङ्गु सङ्क्रमण बढ्न थालेपछि डेङ्गु विरुद्धको अभियान सञ्चालन गर्न पुनःआग्रह गरेको छ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारी दैनिकजसो पानी परेसँगै डेङ्गुको सङ्क्रमण बढ्न थालेपछि सबै कर्मचारीलाई आफ्नो कार्यालय वरिपरि डेङ्गु विरुद्धको सरसफाइ अभियानमा सहभागी हुन आग्रह गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार मन्त्रालयले हरेक शुक्रबार बिहान साढे १० बजे सबै कर्मचारी सहभागी भई सरकारी तथा सार्वजनिक कार्यालय हाताभित्र र वरपर सरसफाइ अभियान सञ्चालन गरी लामखुट्टेको बासस्थान पत्ता लगाई नष्ट गर्न आग्रह गरिएको छ। यस्तै आमसर्वसाधारण, निजी क्षेत्र र सरोकारवाला सबै व्यक्ति एवं निकायले आआफ्नो स्थानमा सहभागिता, सहजीकरण एवं समन्वय जनाई डेङ्गु विरुद्धको अभियान सफल पार्न आग्रह गरिएको छ। नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो । गएको पुसयता एक हजार तीन सय ३७ जनामा सङ्क्रमण छ भने एक जनाको निधन भइसकेको छ । मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ।

सम्भव भएसम्म लामखुट्ट नै भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिन पनि मन्त्रालयले आग्रह गरेको छ । यसैगरी उपत्यकाका स्थानीय तहले साउनदेखि 'लामुखट्टेको बासस्थान खोज र नष्ट गर' अभियान सञ्चालन गर्ने भएका छन्। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा गोकर्ण दाहालले डेङ्गुका बिरामी बढ्न थालेपछि स्थानीय तह र सर्वसाधारणलाई पनि सरसफाइ गर्न आग्रह गरिएको जानकारी दिनुभयो। उहाँले पानी परेसँगै पानी जम्ने र जमेको पानीमा लामखुट्टेका लार्भा बढ्न थाल्ने भएकोले सरसफाइ अभियान सञ्चालन गर्न भनिएको बताउनुभयो। डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेङ्गु रोग लाग्दछ।

## पोखरा महानगरमा घाँस खेती गर्ने किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार



पोखरा महानगरपालिका वडा नम्बर २७ का कृष्णहादुर चोचांगी बिहिबार प्रफुल्ल मुद्रामा भेटिए । आफूले ३० रोपनी जग्गामा सघन प्रजातिको घाँस उत्पादन गरेवापत महानगरबाट ७८ हजार ४ सय रुपैयाँ अनुदान पाएपछि उनी मख्ख थिए।

जलजला कृषि मल्टि एग्रगो फर्म सञ्चालन गरेर उनले तीन वर्षदेखि घाँस खेती गर्दै भएका छन। उनले ४० रोपनीमा खेती गरेपनि ३० रोपनीका अनुदान पाएका हुन् । उनले अनुदान पाएपछि भने,"यो चोखो अनुदान हो । महानगरलाई धन्यबाद। किन भन्दा घाँस महानगरले लादैन। पैशा पनि घाँस पनि दिनुभयो, घाँस फार्मको लागि भयो पैशापनि भयो।" उनले किसानको माग अनुसार थप राहत दिएर अगाडी बढने हौसला बढने बताए। उनले अघिल्लो वर्ष १२ रोपनीमा लगाएर २७ हजार पाएको तर अहिले ३० रोपनीमा घाँस खेती गरेको बताए । कृष्णहादुर चोचांगी जस्तै सघन घाँस खेती गर्ने पोखरा महानगरभित्रका ७० जना किसानले महानगरबाट अनुदान पाएका छन् । ७० जना किसानलाई महानगर उपप्रमुख मञ्जुदेवी गुरुङ, वडा नम्वर ३ का अध्यक्ष प्रकाशमान उदास, पोखरा २६ का वडा अध्यक्ष पूर्णबहादुर गुरुङ, कार्यपालिका सदस्य निर्मला पौडल र महानगर आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले ९ लाख रुपैयाँ अनुदान वितरण गरे । महानगर पशु सेवा शाखाकाअनुसार प्रति तीन रोपनी क्षेत्रफलभन्दा माथि सघन घाँस उत्पादन गर्ने किसानले प्रति रोपनी २६ सय हजारका दरले अनुदान पाएको पशुसेवा शाखा प्रमुख नवराज अधिकारीले बताए।

अनुदार वितरण कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले पोखराको आर्थिक विकासको आधार पर्यटन र कृषि रहेको बताइन् । उनले पोखरा पर्यटकीय क्षेत्र भए पनि कृषिमा पनि उत्तिकै सम्भावना रहेको सुनाइन् । 'यहाँको कृषि क्षेत्रलाई सुधार्न घाँस र बिउसँगसँगै उत्पादन गर्नुपर्दछ,' उनले भनिन्।

उपप्रमुख गुरुङले पोखरा महानगरले कृषिलाई प्रोत्साहन गर्न अनुदान, कृषि एम्बुलेन्स सञ्चालन लगायतका कार्यक्रम ल्याएको समेत जानकारी दिइन्। उनले रकम थोरै भएपनि किसानलाई प्रोत्साहन गर्न अनुदानको कार्यक्रम ल्याएको बताइन् ।पोखरा महानगरपालिका वडा नम्वर २७ का अध्यक्ष पूर्णबहादुर गुरुङले अझै पनि किसानको मुहारमा चक ल्याउन नसकेको बताउदै किसानमैत्री कार्यक्रम ल्याउनुपर्छ भन्ने पक्षमा रहेको बताए। कार्यपालिका सदस्य निर्मला पौडेलले कृषकहरुलाई उत्साहित भएर खेती गर्न आग्रह गर्दै विरामी भैसी र गाईको दुध विक्री विरण नगर्न आग्रह गरिन् ।घाँस किसान कृष्णबहादुरा चोचांगीले फर्म सञ्चालनका लागि घाँसमा आत्मनिर्भर हुनुपर्नेमा जोड दिए । पोखरा महानगर आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले कृषि उत्पादन बढाउन किसानकै मागका आधारमा महानगरले अनुदान कार्यक्रम ल्याएको बताए ।कार्यक्रममा भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीका शम्भुराज पाण्डेले घाँसमा अनुदान कार्यक्रम प्रभावकारी रहेको बताए।



# गण्डकी प्रदेशमा रासायनिक मल मौज्दात

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार

गण्डकी प्रदेशमा किसानलाई आवश्यक रासायनिक मल मौज्दात छ।

बर्सेनि धानखेतीको समयमा अभाव झेल्दै आएका प्रदेशका किसानलाई यस वर्ष मल अभाव नहुने भएको छ। कृषि सामग्री कम्पनी लिमिटेड गण्डकी प्रदेश प्रादेशिक कार्यालय, पोखराका प्रमुख ठाकुरप्रसाद बास्तोलाका अनुसार हाल कम्पनीसित डिएपी २१ टन र युरिया पाँच टन गोदाममा मौज्दात छ। थप मल आउने क्रममा रहेकाले यस वर्ष धानखेतीको समयमा रासायनिक मल अभाव नहुने उहाँले जानकारी दिनुभयो। यस वर्ष अहिलेसम्म मलको अभाव नरहेको राष्ट्रिय कृषक समूह महासङ्घ नेपालका केन्द्रीय उपाध्यक्ष चित्रनाथ सापकोटाले जानकारी दिनुभयो। धान लगाउने समयमो छिटपुटरुपमा पोटासको अभाव देखिए पनि युरिया र डिएपीको अभाव नरहेको उपाध्यक्ष सापकोटाको भनाइ थियो। "तत्काललाई मलको समस्या देखिएको छैन्। अब युरिया मल आवश्यक पर्ने समय आउँदैछ", उपाध्यक्ष सापकोटाले भन्नुभयो, "युरिया स्टकमा छैन भनेको सुनेको छु तर आधिकारिक सूचना आएको छैन तर, अहिलेसम्मलाई समस्या छैन।" गण्डकी प्रदेशमा एक वर्षमा पाँच हजार टन युरिया, तीन हजार टन डिएपी र पाँच सय टन पोटास आवश्यक पर्ने कृषि सामग्री कम्पनी लिमिटेड पोखराका प्रमुख ठाकुरप्रसाद बास्तोलाले जानकारी दिनुभयो। यीमध्ये कास्कीमा एक हजार टन, डिएपी पाँच सय टन र पोटास पचास टन आवश्यक रहेको उहाँले बताउनुभयो। चालु आर्थिक वर्षको अन्त्यसम्ममा कास्कीका लागि आवश्यकमध्ये युरिया छ सय टन, डिएपी तिन सय टन र पोटास २१ टन आइसकेको छ। सोही आधारमा अन्य जिल्लाका लागि पनि रासायनिक मल आइसकेको प्रमुख बास्तोलाले जानकारी दिनुभयो। अहिलेसम्म आएको मलले उपभोक्ताको चित्त बुझाइरहेको प्रमुख बास्तोलाले बताउनुभयो। उहाँले भन्नुभयो, "सहकारी संस्था र कृषि सामग्री विक्रेताको माग त ठूलो छ। उहाँहरूको मागअनुसार त पुऱ्याउन सकेको छैन तर चित्त बुझाएको छु।" मल अभाव हुन नदिनका लागि नातावाद र पहुँचका आधारमा नबाढी दामासाही ढङ्गले सहकारी संस्था र कृषि सामग्री विक्रेतालाई दिएको उहाँले सुनाउनुभयो। गण्डकीमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङले मल बिक्री गर्दै आएका छन्। जसमा कृषि सामग्रीले ७० र साल्ट ट्रेडिङले ३० प्रतिशत मल बिक्री गर्दै आएको छ। कृषि सामग्री कम्पनी लिमिटेडले प्रदेशका ११ वटै जिल्लामा मल बिक्री गर्दै आएको लिमिटेडका सूचना अधिकारी गोपालजङ्ग गुरुङले जानकारी दिनुभयो। गण्डकी प्रदेशमा सबैभन्दा बढी नवलपुर र त्यसपछि स्याङ्जा, तनहुँ, कास्कीलगायत जिल्लामा मल खपत हुने गरेको सूचना अधिकारी गुरुङले बताउनुभयो।



कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिद्धारा सामाजिक उत्तरदायित्व अन्तर्गत बिहीबार आयोजित कार्यक्रम 'कोन गरिब तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रम' अध्यक्ष तिर्थ बहादुर बस्नेतको अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रम संचालन संस्थाका शिक्षा उपसमिति संयोजक तथा संचालक खड्क बहादुर गुरुङले गर्नुभएको थियो। उक्त कार्यक्रममा भद्रकाली बहुमुखी क्याम्पस प्रमुखको उपस्थितिमा क्याम्पसका दुई जना जेहेन्दार विद्यार्थी मेनका मल्ल र जस्मिना घलेलाई छात्रवृति प्रदान गरिएको थियो। पोखरापत्र

# 'कर्म-कर्ण पत्रकारिता पुरस्कार २०८०' दिपेन्द्र श्रेष्ठलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार

यस वर्षको 'कर्म-कर्ण आदिवासी जनजाती पत्रकारिता पुरस्कार-२०८०' दीपेन्द्र श्रेष्ठलाई प्रदान गरिने भएको छ।

तमु धीं नेपालकी संस्थापक अध्यक्ष कर्म तमुको बैवाहिक वर्ष गाँठको अवसरमा प्रदान गरिँदै आएको सो पुरस्कार नेपाल पत्रकार महासंघ कास्कीका निवर्तमान अध्यक्ष श्रेष्ठलाई प्रदान गरिने भएको हो। पत्रकार हुमबहादुर गुरुङको संयोजकत्वमा एम.बि आस्था मगर, शान्ति गुरूङ, उदय अमात्य र दिल प्रसाद गुरुङको छनौट समितिले नेपाल पत्रकार महासंघ कास्कीका निवर्तमान अध्यक्ष एवं एभरेस्ट एफएमका प्रवन्ध निर्देशक श्रेष्ठलाई सिफारिस



गरेको हो। पत्रकार श्रेष्ठ एभरेस्ट आवाज डटकम र एभरेस्ट एमएममा आवद्ध छन्।

तमु धीं नेपालकी संस्थापक अध्यक्ष कर्म तमुले स्थापना गरेको सो पुरस्कार आदिवासी जनजाती पत्रकार संघ (फोनिज) कास्कीले सञ्चालन गर्दै आइरहेको छ। पुरस्कारको राशी नगद रु १० हजार, फेता, भाङ्ग्रा, सम्मानपत्र रहेको फोनिज कास्कीका अध्यक्ष दिलप्रसाद गुरूङले जानकारी दिए। शुक्रबार बिहान नयाँबजार स्थित तमु धीं नेपालमा एक कार्यक्रमका विच पुरस्कार अर्पण गरिने कार्यक्रम रहेको अध्यक्ष गुरुङले जानकारी दिए। यसअघि, सो पुरस्कारबाट रीता गुरुङ, हर्क आले, शान्ति गुरुङ, तिलक पुन, राजबहादुर गुरुङ, मानबहादुर घर्तिमगर (एमबी आस्था), हुमबहादुर गुरुङ, उदयबहादुर अमात्य र रुद्रबहादुर श्रीस पुरस्कृत भइसकेका छन्।

सोही कार्यक्रममा नवगठित तमु संचारकर्मी संघ कास्की र तामाङ पत्रकार संघ कास्कीका कार्यसमिति सदस्यहरूलाई बधाई ज्ञापन गर्ने कार्यक्रम रहेको अध्यक्ष गुरुङले जानकारी दिए।

कार्यक्रममा कास्की क्षेत्र नम्बर १ प्रतिनिधिसभा सदस्य मन बहादुर गुरुङ प्रमुख अतिथि रहनु हुने जनाइएको छ।

# बुढीबजार खराने सडक विस्तार शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार

पोखरा महानगरपालिका वडा नं २६ ले बुढिबजार देखी खरानेफाँटसम्मको सडक विस्तारको काम शुरु गरेको छ।

विजयपुर सिंचाई प्रणालीको नहरको एकतर्फी रहेको उक्त सडकलाई दुर्व तर्फबाट सवारी साधन संचालन गर्ने गरी विहिबार देखी वडाले विस्तारको काम शुरु गरेको हो। वडाले ३५ दिने र त्यसपछि थप सात दिनको सूचना प्रकाशित गरी स्थानीयलाई मापदण्ड भित्रको संरचना हटाउन अनुरोध गरेको थियो। वडाले सूचना गरेपछि स्थानीयले स्वतस्फुर्टरुपमा आफ्नो घर अगाडी मापदण्ड भित्रको संरचना हटाएका थिए। धेरै जसो ठाउँमा स्वतस्फुर्त रुपमा स्थानीयले आफै संरचना हटाएको उल्लेख गर्दै, वडाध्यक्ष नरेन्द्र थापाले केही जटिल ठाउँमा डोजर लगाईएको



बताए। सडक एकतर्फी देखि ट्राफिक जामको समस्या देखिदै आएको र सडक विस्तार अति आवश्यक भएकाले वडाले प्राथमिकताका साथ कार्य थालनी गरेको अध्यक्ष थापाले बताए। स्थानीयको भौतिक संरचनामा कम क्षति होस् भन्ने उद्देश्यले सम्बन्धित घर तथा जग्गाधनीलाई सहजीकरण समितिमा राखेर काम गरेको समेत अध्यक्ष थापाले उल्लेख गरे। बल प्रयोग गरेर नभई समझदारी र सहकार्यमा जटिल काम सहज तरिकाले गर्न सकिन्छ भन्ने उदाहरण बनेको अध्यक्ष थापाले बताए। सहजीकरण समितिका संयोजक मुरारी बरालले एक दुई वटा संरचनाका घरधनीले थप क्षति नहुने गरी हटाउन चाहेकाले केही समय दिईएको बाहेक अन्यत्र वडाले अहिले सडक विस्तारका लागि तोकेको क्षेत्राधिकार भित्रका टहरा तथा कम्पाउण्डवाल सहज तरिकालै हटाईएको बताए।

बुढी बजार चोक देखी खरानेफाँट वडा नं २६ को सिमानासम्म करिव डेढ किलोमिटरको दुरीसम्म मापदण्ड भित्रका संरचना हटाउने गरी वडाले योजना बनाएको र आर्थिक बर्ष २०८०/०८१ का लागि उक्त सडकमा एक करोड रुपैया विनियोजन गरेको समेत अध्यक्ष थापाले बताए। सडक विस्तार चुनौतीका रुपमा रहेको थियो, सवैको सहयोग र साथले सहज भयो अध्यक्ष थापाले भने–"सडकको स्तरोन्नती सहित सौन्दर्यकरण गरिने छ।"

# विदेश जान लागेका १५६ लाई विमानस्थलबाट फर्काइयो

**रासस**
काठमाडौं, २८ असार

कागजातहरु शंकास्पद देखिएको भन्दै कुवेतलगायत मुलुक जान लागेका १५६ जनालाई विमानस्थलबाट फर्काइएको छ।

त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका अनुसार कागजात दुरुस्त नभएपछि शंका लागेर यही असार २५ गते ३७, असार २७ गते १०१ र बिहीबार १८ जना गरी १५६ जनालाई फर्काइएको हो। उक्त कार्यालयका वरिष्ठ अध्यागमन अधिकृत झंकनाथ ढकालले उनीहरुको भिसा परीक्षण गर्दा कतिपयको 'वेटिङ फर एप्रुभ' भनेको भेटिएको, कतिपयको व्यक्तिगत श्रम स्वीकृतिमा जान लागेको देखिएको तर राजदुताबासबाट श्रम स्वीकृतिको बोधार्थ प्राप्त नभएको तथा एउटा देशमा जाने भनेर कागजात पेश गरिएको तर उसको भिसा अर्कै देशको रहेको पाइएकोलगायतका समस्याहरु देखिएको बताउनुभयो। उहाँले भन्नुभयो, "यी कागजातहरु सही हुन पनि सक्छन् र गलत हुन पनि सक्छन्, तर कागजात शंकास्पद देखिएकाले रोकिएका छन्, यस विषयमा वैदेशिक रोजगार विभाग, परराष्ट्र मन्त्रालयसँग समन्वय गरेरमात्रै के रहेछ निर्क्यौल हुनेछ।" त्यसअघि जोर्डन जान लागेका १५ जनालाई पनि यसैगरी फिर्ता गराइएको थियो। उनीहरुको विषयमा पनि निर्णय भइसकेको छैन।

# पानीको मूल फुटेन, रोपाइँ भएन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ असार

असार अन्तिम सातासम्म पनि पानीको मूल फुट्न नसक्दा म्याग्दीमा अझै रोपाइँ हुन सकेको छैन। पर्याप्त वर्षा नहुँदा जिल्लामा ४८ प्रतिशत खेतमा पनि रोपाइँ हुन नसकेको हो। विगतका वर्षमा असार अन्तिम सातासम्म प्रायः सबै ठाउँमा रोपाइँ भइसक्ने यहाँका फाँट यस वर्ष भने बाँझै देखिएका छन्।

मूल फुटेर, खहरे तथा अन्य खोलामा पानी आउने समयमा यस वर्ष पानीकै अभाव भएपछि रोपाइँ हुन नसकेको किसानले बताएका छन्। "पानी पर्ला र रोपाइँ सुरु गरौँला भन्ने सुरुमा छौँ", बेनी नगरपालिका-२ का किसान टीका कार्कीले भन्नुभयो।

खेत र बारीका कान्लाका पानीका मूल फुटेका छैनन्। भेलबाढी बग्न पर्ने खोलामा खडेरीले गर्दा आजसम्म कमिला हिँड्ने गरेका किसान बताउँछन्। केही वर्षअघिसम्म लेकाली क्षेत्रमा असारको अन्तिमसम्ममा र साउनको पहिलो सातासम्ममा बेँसीमा रोपाइँ पूरा हुने गरेको थियो। पछिल्ला वर्षमा वर्षा अनियमित हुँदा कहिले धेरै छिटो त कहिले धेरै ढिलो रोपाइँ हुन थालेको कृषि ज्ञान केन्द्रका प्रमुख किरण सिग्देलले बताउनुभयो।


आकाशको पानी नपरेपछि खेतका कुना र कान्लाका मूल पनि फुटेको छैन। सिँचाइका लागि कुलो वा नहरको व्यवस्थापन भएका, खोल्साको आसपासमा भएका बाँझा जमिनमा रोपाइँ सकिएको भए पनि मकैखेती भएको मुख्य उत्पादनयोग्य भूमिमा रोपाइँ भएको छैन। मकै पाकेपछि थन्क्याएर रोपाइँका लागि खेतका गरा तयारी अवस्थामा राखिए पनि पानीकै अभावमा रोप्न नसकेको कृषक बताउँछन्। वर्षा नहुँदा मकै लगाएको खेत खाली भएको धेरै दिन भएको भए पनि रोपाइँ गर्न नसकिएको मङ्गला गाउँपालिका-४ का कृषक पूर्णबहादुर रोकाले बताउनुभयो। जिल्लाका विभिन्न ठाउँका कृषकले धारा वा मूलको पानी आलोपालो गरेर रोपाइँ गरिएको खेतमा पनि सिँचाइको अभावमा गरा चर्किएको बताएका छन्। कृषि ज्ञान केन्द्रका प्रमुख किरण सिग्देलले अहिलेसम्म करिब ५२ प्रतिशत खेतमा रोपाइँ भएको जानकारी दिनुभयो। अघिल्लो वर्ष यही समयमा अहिलेको भन्दा धेरै रोपाइँ भए पनि यो वर्ष पर्याप्त वर्षा नहुँदा कृषक चिन्तामा परेको उहाँको भनाइ छ। जिल्लामा कूल ३० हजार आठ सय ५६ हेक्टर खेतीयोग्य जमिन रहेकामा तीमध्ये जम्मा १९ हजार चार सय ९८ हेक्टरको जमिनमा खेती हुँदै आइरहेको छ। जिल्लामा कूल तीन हजार आठ सय ८५ हेक्टरको जमिनमा धानखेती हुँदै आएको छ। गत वर्ष १३ हजार तीन सय ६० मेट्रिकटन धान उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। खेती गरिएको जमिनमध्ये छ हजार १३ हेक्टर अर्थात् ३० दशमलव आठ प्रतिशत मात्रै सिञ्चित जमिन रहेकामा एक हजार छ सय ८० हेक्टरमा बाह्रै महिना सिँचाइ हुन्छ भने चार हजार तीन सय ३३ हेक्टर जमिनमा मौसमी सिँचाइ हुने गरेको छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्बन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

- एल्फेड डे

## सम्पादकीय

# फेदीखोला गापाले देखाएको बाटो

बैंक तथा वित्तीय क्षेत्रमा कार्यरत कर्मचारीहरू सामाजिक सुरक्षा कोषमा जान आनाकानी भएको थियो । सरकारले ल्याएको सामाजिक सुरक्षाको कार्यक्रमलाई श्रमिकले शुरुमै स्वागत गरेका थिए । बैंक तथा वित्तीय क्षेत्रले सामाजिक सुरक्षा कोषमा जान आलटाल गर्ने र कार्यक्रमका बारेमा सकारात्मक हुन लामो समय लाग्यो । कार्यक्रम कस्ले ल्याएको हो भन्ने आधारमा राम्रा पक्ष नदेख्ने रोगबाट नेपाल गुज्रिएको छ । अन्य देशमा सामाजिक सुरक्षा कार्यक्रमको बखान गर्नेहरु आफ्नो देशले पनि शुरु गरेकोमा सकारात्मक हुन नसक्दा अपेक्षित उपलब्धि हुन सकेको छैन । सामाजिक सुरक्षा कार्यक्रम र सामाजिक सुरक्षा कोषका बारेमा कार्यक्रम शुभारम्भ समारोहमा सिमित भयो । सरकार परिवर्तनपछि त सामाजिक सुरक्षा कोषले अपेक्षित गति लिन सकेन । अनौपचारिक क्षेत्रलाई समेट्न थालेपछि बल्ल सामाजिक सुरक्षा कोषको महत्त्व स्थानीय सरकारले बुझ्न थालेका छन । अनौपचारिक क्षेत्र तथा स्वरोजगारका क्षेत्रमा कार्यरत श्रमिक पनि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुन सुरु भएको छ ।

कोषले 'अनौपचारिक र स्वरोजगार क्षेत्र सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७९' अनुसार वैशाख एक गतेदेखि कार्यान्वयनमा आए पनि करिब तीन महिनापछि बुधबारदेखि आवद्धता सुरु भएको छ । सामाजिक सुरक्षा कोष र स्याङजाको फेदीखोला गाउँपालिकाबीच अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोगारका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालनका लागि लिखित सम्झौता भएसँगै औपचारिक रुपमा अनौपचारिक क्षेत्र तथा स्वरोजगारका क्षेत्रमा कार्यरत श्रमिक कोषमा आवद्धता हुन सुरु भएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा बुधबार आयोजित एक औपचारिक समारोहकाबीच कोषका कार्यकारी निर्देशक कपिलमणी ज्ञवाली र गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीविच सम्झौता पत्रमा हस्ताक्षर भएको छ । श्रमिक र स्वरोगार व्यक्तिलाई कोषमा आवद्ध गर्ने, उनीहरुको योगदान रकम संकलन गर्ने र ऐन, नियमावली र कार्यविधि बमोजिम सरकारको तर्फबाट सह-योगदान गर्ने सम्बन्धमा दुई पक्षविच समझदारी भएको छ । समझदारी पत्रमा पालिकाको तर्फबाट ६ बुदाँ कार्यान्वयन गर्ने र कोषका तर्फबाट तीन बुदाँ कार्यन्वयन गर्ने सहमति भएको छ । कोषले आठदेखि १० स्थानीय तहलाई प्रस्ताव गरे पनि पहिलो चरणमा फेदीखोला गाउँपालिका सम्झौता गर्न तयार भएपछि सम्झौता गरिएको छ । समाजवाद उन्मुख जान सामाजिक सुरक्षा कोषमा अनौपचारिक र स्वरोजगारका क्षेत्रमा कार्यरत श्रमिकलाई समेट्दै लैजानुपर्छ । फेदीखोला गाउँ पालिकाले शुरु गरेको काम स्तुत्य छ ।

अब सम्झौता अनुसार श्रमिक सुचीकरण भएपछि कार्यान्वयनमा जानेछ । फेदीखोला गाउँपालिकासँग सम्झौता भएसँगै अन्य पालिका पनि कोषमा आवद्ध हुनका लागि बाटो खुला भएको छ । फेदीखोला गाउँपालिकाका अध्यक्ष सुवेदीका अनुसार पहिलो चरणमा गाउँपालिकाले सञ्चालन गरेको मजदुर सञ्चित कोषमा आवद्ध ७५० जना अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा कार्यरत श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्ध भएका छन । समझदारी पत्रमा हस्ताक्षर गर्ने कार्यक्रममा सामाजिक सुरक्षा कोषका अध्यक्षसमेत रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले फेदीखोला गाउँपालिकाले अनौपचारिक तथा स्वरोगारको क्षेत्रका कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराएर नेपाली श्रम बजारमा नमुना र उदाहरणीय कार्य सुरु गरेको भन्दै प्रशंसा गरे ।

फेदीखोलाको नमूनामुलक कार्यक्रमलाई आधार मानेर ७५३ वटै स्थानीय तहलाई अनौपचारिक तथा स्वरोजगारको क्षेत्रका श्रमिकलाई आवद्ध गराउनका लागि मन्त्रालयले परिपत्र गर्ने भएको छ । राम्रो कामको शुरुआत सानो पालिकाबाट भएको छ।अघिल्लो कार्यकालमा कृषिमा पालिकाले कृषकलाई अनुदान दिएर कृषि उत्पादन वृद्धि भएको थियो । सस्तो प्रचार छाडेर जनताको जीविका र आधारभूत जनताका पक्षमा काम गर्नेलाई संचार माध्यम र सामाजिक संजालले महत्व दिन सकेमा जनतामा आशाको किरण छाउनेछ ।

# बेंसीसहर-चामे सडक अवरुद्ध

पोखरापत्र संवाददाता
लमजुङ, २८ असार

पहाडी जिल्ला लमजुङ र हिमाली जिल्ला मनाङ जोड्ने बेंसीसहर-चामे सडक अवरुद्ध भएको छ । तिमाङ पावर हाउस खोलाको काठे पुल र स्यार्कु खोलाको काठे पुल भाँचिएकाले उक्त सडक अवरुद्ध बनेको हो ।

बेंसीसहर चामे सडक योजना कार्यालयका इन्जिनियर सुमन अधिकारीका अनुसार बेंसीसहर चामे सडकखण्डअन्तर्गत मनाङको चामे गाउँपालिका-१ तिमाङ पावर हाउस खोलाको काठे पुल र वडा नं २ स्थित स्यार्कु खोलाको काठे पुल आजदेखि निर्माण गरिँदै छ । सो स्थानमा वैकल्पिक सडक मार्ग नभएकाले यातायात सेवा दुई दिनसम्म अवरुद्ध हुने उहाँले बताउनुभयो । अधिकारीका अनुसार उक्त स्थानमा दुई वर्षअघि काठे पुल निर्माण गरिएको हो । पुल जीर्ण भएपछ पुराना काठ हटाएर अहिले नयाँ राख्न थालिएको हो । पुल निर्माणका लागि मङ्गलबारबाटै रुख काट्ने, पुलका लागि फलेक बनाउनेलगायत काम भइरहेको इन्जिनियर अधिकारीले बताउनुभयो । मनाङलाई सडक सञ्जालसित जोड्ने सरकारको योजनाअनुरुप २०५१ देखि सडक डिभिजन कार्यालय दमौली तनहुँले बेंसीसहर चामे सडक निर्माण अघि बढाएको थियो । नेपाली सेना २०५७ सालदेखि उक्त सडक निर्माणमा सहभागी भएको हो । विसं २०६९ मा सडक निर्माण सम्पन्न गर्दै सडक डिभिजन कार्यालय दमौलीलाई हस्तान्तरण गरिएको हो । तत्कालीन कार्य गणका इन्जिनियर भरत श्रेष्ठ र इन्द्रिबर गुरुङको नेतृत्वमा सडक निर्माण सम्पन्न भएको हो । उक्त सडकखण्डको ६५ किलोमिटरमध्ये लमजुङतर्फ ३५ र मनाङतर्फ ३० किलोमिटर रहेको छ । सडक जीर्ण तथा बन्द हुँदा मनाङवासी बढी प्रभावित हुने गरेका छन् ।

# भवन नहुँदा सेवा प्रवाहमा समस्या

पोखरापत्र संवाददाता
ढोरपाटन, २८ असार

जिल्ला सदरमुकाम बागलुङदेखि पश्चिमा रहेका नागरिकलाई सहजरुपमा प्रशासनिक सेवा दिने बुर्तिबाङ बजारमा २०५४ सालमा इलाका प्रशासन, मालपात र नापी कार्यालय स्थापना भए । कार्यालय स्थापनापछि उक्त क्षेत्रका नागरिकले नजिकैबाट सेवा लिन पाए । त्यसअघि सामान्य सरकारी कामकाजका लागि बागलुङ बजार धाउनुपर्ने बाध्यता थियो । तर २०५८ सालपछि सशस्त्र द्वन्द्वका कारण तीनवटै कार्यालय विस्थापित भए । कार्यालय विस्थापित भएर बागलुङ बजारमा आएपछि पश्चिम बागलुङवासीले निकै सास्ती पाए । इकाला प्रशासन कार्यालय २०६३ सालमा पुनःस्थापना भयो । र सेवा प्रवाह गर्न थाल्यो । सुरुमा सरकारले प्रशासन कार्यालयलाई एकीकृत सेवा केन्द्रको नाम दियो । एकीकृत सेवा केन्द्र २०६९ सालदेखि २०७५ सम्म कायम रहेको थियो भने पुनः २०७५ सालमा इलाका प्रशासन कार्यालयमै रुपान्तरित भयो ।

इलाका प्रशासन २०६३ सालमै पुनःस्थापना भए पनि मालपोत र नापी कार्यालय २०७१ चैतमा मात्र पुनःस्थापना भए । तर अहिलेसम्म तीनवटै कार्यालयको आफ्नो भवन भने छैन । भाडाकै घरबाट सेवा सञ्चालनमा छ । कार्यालयको आफ्नै भवन नहुँदा सेवा प्रवाहमा समस्या भएको छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन समस्या भएको इलाका प्रशासन कार्यालय बुर्तिबाङका प्रमुख लोकबहादुर कुँवरले बताउनुभयो । "साँघुरा कोठामा बसेर काम गर्दा गाह्रो भएको छ", उहाँले भन्नुभयो । यसअघि बुर्तिबाङको उपल्लो बजार र फाँट बजारमा कार्यालय संचालनमा थियो । मासिक रु ३३ हजार भाडा तिर्दै कुँवरले बताउनुभयो । यस्तै मालपोत कार्यालय बुर्तिबाङका प्रमुख सूर्यप्रसाद शर्माले मासिक रु ५० हजार तिरेर कार्यालयले सेवा प्रवाह गर्दै आएको बताउनुभयो ।

"सेवाग्राहीमैत्री भवन नहुँदा समस्या भएको छ", उहाँले भन्नुभयो । यस्तै नापी कार्यालय बुर्तिबाङकी प्रमुख पायल श्रेष्ठले भाडाको घरबाट चाहेअनुसारको सेवा प्रवाह गर्न नसकेको बताउनुभयो । उक्त कार्यालयले पनि मासिक रु ३० हजार भाडा तिर्देआएको छ । छब्बीस वर्ष अगाडि स्थापना भए विभिन्न समयमा विस्थापित भए पनि अहिले भने तीनवटै कार्यालय निरन्तर सञ्चालनमा छन् । यी कार्यालयबाट पश्चिम बागलुङको निसीखाला गाउँपालिका, तमानखोला गाउँपालिका, बडिगाड गाउँपालिका र ढोरपाटन नगरपालिकाका ३२ वडाका नागरिकले सेवा लिएका छन् ।

# दलवीरको बेमौसमी बन्दाखेती



पोखरापत्र संवाददाता
म्याग्दी, २८ असार

बन्दा असोज-कात्तिकमा बिरुवा रोपेर माघ-फागुनमा उत्पादन हुने हिउँदे तरकारी बाली हो । म्याग्दीको मङ्गला गाउँपालिका-४ उपल्लो बुकेनीका दलवीर पुनले भने बर्खायाममा बेमौसमी बन्दा उत्पादन गर्नुभएको छ ।

समुन्द्री सतहदेखि दुई हजार दुई सय मिटर उचाइको उपल्लो बुकेनीमा रहेको एनएमडी कृषि तथा पशुपक्षी फार्ममा बेमौसमी बन्दा उत्पादन भएको हो । ३७ वर्षीय पुनले १५ रोपनी बारीमा 'ग्रिन क्रोनेट' जातको बन्दाखेती गरेको बताउनुभयो । "बेमौसममा खेती गर्न सकिने जातको बन्दा परीक्षणका लागि भित्र्याएको हो", उहाँले भन्नुभयो, "वैशाखमा लगाएको बिरुवा हुर्किएर बन्दाको आकार लिएको छ । साउन पहिलो हप्तादेखि बजार पठाउने तयारीमा छु ।" पानी खप्न सक्ने र चिसो हावापानीमा गर्न सकिने ग्रिन क्रोनेट जातको बेमौसमी बन्दा खेतीले पुनको फार्म हराभरा भएको छ । कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख किरन सिग्देलले जिल्लामा पहिलो पटक बर्खायाममा बन्दा उत्पादन भएको बताउनुभयो । "बन्दा हिउँदे तरकारी बाली हो, अहिले बर्खामा पनि खेती गर्न सकिने जातको विकास भएको छ", उहाँले भन्नुभयो, "बेमौसममा उत्पादन भएको बन्दाले बजार र मूल्य राम्रो पाउँछ ।"

तीन वर्षदेखि टमाटरखेती गर्दै आएका पुनले यस वर्ष बेमौसमी बन्दाखेती गर्नुभएको हो । उहाँको फार्ममा हाल पाँच वटा सेमी हाइटेक टनेलमा टमाटर उत्पादन भएको छ । खुला टनेलमा हावाहुरी र असिनाले क्षति गरेपछि कृषि ज्ञान केन्द्रको सहयोगमा सेमी हाइटेक टनेल बनाएको पुनले बताउनुभयो । पुन विसं २०५७ देखि २०६८ सम्म तत्कालीन माओवादीले सञ्चालन गरेको 'जनयुद्ध'मा जनमुक्ति सेनाका रुपमा सहभागी हुनुभएको थियो । नेकपा (माओवादी केन्द्र)को वडा कमिटी अध्यक्ष रहेका पुन दहवन शिविरबाट स्वेच्छिक अवकाश लिएपछि करिब पाँच वर्ष रोल्पामै व्यापार, व्यवसाय गर्नुभएको थियो । सात वर्षअघि घर फर्किएर २१ रोपनी जग्गा किनेर कृषि फार्म स्थापना गर्नुभएको थियो । बाख्रापालनबाट फार्म सुरु गरेका पुन तीन वर्षयता टमाटर र बेमौसमी तरकारी खेतीमा केन्द्रित हुनुभएको छ । फार्ममा हालसम्म रु ५० लाख लगानी भएको पुनले बताउनुभयो । "कृषिमार्फत नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने सोचेर विदेश जान छाडेर यही खेती गरेर बसेको हुँ", उहाँले भन्नुभयो, "आम्दानीबाट सन्तुष्ट छु । फार्मको पूर्वाधारमा लगानी विस्तार गरेको छु ।" दुई जना छोराछोरीलाई बेनीमा निजी विद्यालयमा पढाउनुभएको छ ।

बिहान भिसमिसेदेखि साँझसम्म फार्ममा काम गर्ने पुनले आवश्यकताअनुसार स्थानीय मजदुरलाई ज्यालामा काम गराउँदै आउनुभएको छ । मसलेदार फल टिम्मुर पनि खेती गर्नुभएका पुनको जडीबुटी खेती गर्ने योजना बनाउनुभएको छ । सिँचाइ सुविधा र चिसो हावापानी भएकाले तरकारी खेती प्रभावकारी भएको छ । सडक पुगे पनि यातायातको असुविधाका कारण ढुवानीमा धेरै खर्च हुने, बजारमा व्यापारीले भनेको मूल्यमा सामान बेच्नुपर्दा समस्या भएको पुनले बताउनुभयो । बेनी, बागलुङमा खपत नभएको तरकारी पोखरा पठाउने गर्नुभएको छ । सामाजिक सञ्जाल फेसबुकमार्फत तरकारीको बजारी गरेको पुनले बताउनुभयो ।

# प्रधानमन्त्री कप भलिबल प्रतियोगिता, हेल्प नेपालको जित

रासस
काठमाडौं, २८ असार

राजधानीमा जारी सातौं संस्करणको प्रधानमन्त्री कप महिला तथा पुरुष राष्ट्रिय भलिबल क्लब लिग च्याम्पियनसीपअन्तर्गत आज भएको पुरुषतर्फको खेलमा टिपटप हेल्प नेपाल विजयी भएको छ । राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको खेलमा टिपटप हेल्प नेपालले विभागीय टोली नेपाल एपिएफ क्लबलाई ३-२ को सेटमा पराजित गर्दै विजयी भएको हो ।

हेल्प नेपालले एपिएफमाथि २७-२५, २५-१७, २१-२५, २३-२५ र १६-१४ ले पराजित गर्दै विजयी भएको हो । यस जितसँगै हेल्प नेपालले फाइनल पुग्ने सम्भावना बलियो बनेको छ । अब लिग चरणको अन्तिम खेलमा हेल्प नेपालले शुक्रबार त्रिभुवन आर्मी क्लबसँग खेल्नेछ । प्रतियोगितामा पुरुषतर्फ सात टोलीको सहभागिता रहेको छ भने महिलातर्फ छ टोलीको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल यही असार ३० गते हुनेछ ।

# कुन प्रदेशमा भइरहेको छ मनसुनी वर्षा ?

रासस
काठमाडौं, २८ असार

हाल देशमा मनसुनी वायुको प्रभाव रहनुका साथै न्यून चापीय रेखा पश्चिमतिर सदर स्थान भन्दा दक्षिणतर्फ तथा पूर्व तिर सरदर स्थान भन्दा उत्तरतर्फ (नेपाल नजिक) अवस्थित रहेको छ ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार उक्त मौसमी प्रणालीको प्रभावले हाल देशभर सामान्यदेखि पूर्ण बदली रहनुकासाथै कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । कोशी र बागमती प्रदेशका एक दुई स्थानमा मेघ गर्जन चट्याङसहित भारी वर्षासमेत भएको छ । शुक्रबार पनि कोशी र गण्डकी प्रदेशका एक दुई स्थानमा मेघ गर्जन चट्याङ सहित भारी वर्षाको सम्भावना रहेको छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाव |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः वि.स. २०१०

स्वर्गारोहणः वि.स. २०८०/०३/१७

**स्वः गोपाल बहादुर कार्की**

पोखरा महानगरपालिका वडा नं. १२ निवासी मुडुल्ला कार्की कुल व्यवस्था परिषद्का आजीवन सदस्य **गोपाल बहादुर कार्की** को ७० वर्षको उमेरमा भएको असामयिक निधनले हामी सम्पूर्ण मुडुल्ला कार्की परिवार अत्यान्तै मर्माहत र स्तब्ध भएका छौं । यस दुःखद घडिको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । सबै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**लोक बहादुर कार्की**
**अध्यक्ष एवं**
**मुडुल्ला कार्की कुल व्यवस्था परिषद**
**पोखरा-१२, चापापानी**

# तनहुँका किसान पशुपालनमा आकर्षित : मासु, अण्डा र दूधमा आत्मनिर्भर

**पोखरापत्र संवाददाता**
दमौली, २८ असार

पशुपालनतर्फ कृषकको आकर्षण बढेसँगै दूध, मासु र अण्डामा तनहुँ आत्मनिर्भर बन्दै गएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र र स्थानीय तहले कृषकलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराएपछि कृषक पशुपालनतर्फ आकर्षित भएका हुन् ।

जिल्ला दूध, मासु र अण्डामा आत्मनिर्भर बन्न सफल भएको केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले बताउनुभयो । आत्मनिर्भर बनेसँगै यहाँ उत्पादन भएका दूध, मासु र अण्डा जिल्ला बाहिर पनि निर्यात हुन थालेको उहाँको भनाइ थियो । उहाँका अनुसार प्रतिव्यक्ति प्रतिवर्ष न्यूनतम ९१ लिटर दूध आवश्यकपर्नेमा तनहुँमा एक सय १८ दशमलव ५४ लिटर उपलब्धता छ ।

त्यस्तै प्रतिव्यक्ति प्रतिवर्ष ९४ केजी मासु आवश्यकपर्नेमा ९४.४१ केजी मासु उपलब्धता छ भने ४८ वटा अण्डा आवश्यकपर्नेमा ८२.५९ वटा अण्डा उपलब्धता रहेको प्रमुख डा श्रेष्ठले जानकारी दिनुभयो । यस हिसाबले प्रतिव्यक्तिका लागि दूधमा २७.५४ लिटर, मासुमा ०.४९ केजी र अण्डामा ३४.५९ गोटा बढी उत्पादन भइरहेको कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा दूध ३८ हजार आठ सय ३८ र मासु चार हजार सात सय ४३ मेट्रिकटन उत्पादन भएको छ । अण्डा दुई करोड ७० लाख ६० हजार वटा उत्पादन भएको छ । कार्यालयका अनुसार दूधको २९ हजार सात सय ८२ र मासुको चार हजार पाँच सय ८१ मेट्रिक टन तथा अण्डाको एक करोड ७३ लाख ४५ हजार गोटा माग छ । दूध नौ हजार ५६ र मासु एक सय ६२ मेट्रिक टन बढी उत्पादन भएको छ भने अण्डा ९७ लाख १५ हजार बढी उत्पादन भइरहेको प्रमुख डा श्रेष्ठले जानकारी दिनुभयो । आर्थिक वर्ष २०७७/७८ मा दूध ३७ हजार नौ सय २८, मासु चार हजार पाँच सय ७६ मेट्रिकटन उत्पादन भएको थियो भने अण्डा दुई करोड ५९ लाख ९५ हजार गोटा उत्पादन भएको कार्यालयले जनाएको छ । जिल्लामा पशुपक्षीको सङ्ख्यामा पनि वृद्धि भएको छ । आर्थिक वर्ष २०७८/७९ को तथ्याङ्कअनुसार गाईको सङ्ख्या ५२ हजार आठ सय तीन, भैँसीको सङ्ख्या ५७ हजार पाँच सय ४४, भेडाको सङ्ख्या सात सय २६, बाख्राको सङ्ख्या ३९ हजार चार सय ३४, कुखुराको सङ्ख्या एक लाख ९५, हाँसको सङ्ख्या १२ हजार छ सय ९४, बङ्गुरको सङ्ख्या ४८ हजार तीन सय ११ थियो । केन्द्र प्रमुख डा श्रेष्ठका अनुसार जिल्लामा व्यावसायिक पशुपक्षी फार्म दर्ता पनि बढेको छ । जिल्लामा दुई सय १९ गाई, ८६ भैँसी, तीन सय ४१ बाख्रा, एक सय १३ बङ्गुर, दुई सय ५५ कुखुरा, ५४ माछा र ३५ घाँस, पशुपक्षी फार्म सञ्चालनमा छन् ।

दूध उत्पादन बढेपछि जिल्लाका विभिन्न ठाउँमा दूध सहकारी सङ्कलन केन्द्रसमेत खोलिएका छन् । सहकारीमार्फत कृषकलाई दूध बजारीकरणमा सहयोग पुगेको शुक्लागण्डकी नगरपालिका-४ स्थित शुक्ला कृषि पर्यटन सहकारी संस्थाले जनाएको छ । उक्त सहकारीले दैनिक एक हजार लिटर दूध बिक्री वितरण गर्दै आएको सहकारीका अध्यक्ष मुक्ति सिग्देलले जानकारी दिनुभयो । उहाँका अनुसार सहकारीले कृषकलाई भैँसीको दूध रू एक सय र गाईको दूध रू ९० प्रतिलिटर उपलब्ध गराउँदै आएको छ । "दूध बिक्री वितरणका लागि सहकारीले गाडी पठाएर गाउँबाट दूध सङ्कलन गर्दै आएको छ । दूध सङ्कलनका लागि छ ठाउँमा सङ्कलन केन्द्र स्थापना गरेका छौँ", सिक्देलले भन्नुभयो, "दूध बिक्रीका लागि बजारको समस्या छैन । स्थानीय बजारमै दूध खपत हुन्छ ।" दुई हजार पाँच सय शेयर सदस्य आबद्ध सहकारीबाट एक सय कृषकले दूध बिक्रीवितरण गर्दै आएका छन् ।

दूध बिक्री गरेर कृषकले मासिक रू एक लाखसम्म आम्दानी गर्दै आएका छन् । म्याग्दे गाउँपालिकाबाट यस वर्षमात्रै एक लाख ६२ हजार आठ सय ८९ लिटर दूध उत्पादन भएको छ । म्याग्दे दुग्ध उत्पादक सहकारीले एक लाख २१ लाख आठ सय ६८ लिटर, गौसेवा दुग्ध उत्पादक सहकारीले २३ हजार ६८ सहित अन्य दुग्ध उत्पादक सहकारीले १७ हजार नौ सय ५२ लिटर दुग्ध बिक्री गरेका छन् ।

पशुपालनबाट मनग्य आम्दानी हुने भएपछि विदेशबाट फर्किएका युवा यसमा आकर्षित भएका हुन् । विदेशबाट फर्किएका स्थानीय पाँच युवाले एग्रो प्रालि दर्ता गरी व्यावसायिकरुपमा पशुपालन गरिरहेका छन् । उक्त एग्रोमा हाल एक सय ५० गाईभैँसी रहेका प्रालिका व्यवस्थापक विशाल पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार फार्ममा ३० वटा गाई छन् । "फार्ममा ५० भैँसी र ३० गाई दुधालु छन्", पौडलले भन्नुभयो, "फार्मबाट दैनिक छ सय लिटर दूध उत्पादन हुँदै आएको छ ।" दैनिक एक हजार पाँच सय लिटर दूध उत्पादन गर्ने लक्ष्य सहित ६० गाई थप्ने योजना रहेको उहाँले बताउनुभयो ।

# बेल्टारी र दर्पुक जोड्न नयाँ पुल बनाइँदै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ असार

कालीगण्डकी नदीमाथि गण्डकी प्रदेश र लुम्बीनी प्रदेश जोड्ने मोटरेवल पुल निर्माणको काम धमाधम भइरहेको छ । स्याङ्जाको कालीगण्डकी गाउँपालिका-५ बेल्टारी र पाल्पाको बगनासकाली गाउँपालिका-६ दर्पुक जोड्न नयाँ मोटरेवल पुल बन्न लागेको हो ।

सडक विभाग पुल महाशाखाअन्तर्गत सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पुल सेक्टर पोखरा र गौरी पार्वती न्यू टेक्निकल जेभी कुपण्डोल ललितपुरबीच पुल निर्माणका लागि २०७९ भदौमा सम्झौता भएको हो । निर्माण कम्पनीका इन्जिनियर मनिष भण्डारीका अनुसार उक्त पुल रु १५ करोड ४९ लाखको लागतमा ३३ महिनामा सक्ने गरी बन्न लागेको हो । उक्त पुल १२० दशमलव ८० मिटर लम्बाइ र ११ मिटर चौडाइको हुनेछ । पैदलयात्रुका लागि दायाँबायाँ फुटपाथ निर्माण गरिने छ । कालीगण्डकी लोकमार्ग र कालीगण्डकी कोरिडोरसमेत जोड्ने पुलले पाल्पाको मिसन अस्पताल, पर्यटकीयस्थल रानीघाट, तराईका जिल्लामा आवगमन गर्न सहज हुने इन्जिनियर भण्डारीले बताउनुभयो । पुल निर्माणका लागि गाउँपालिकाले लामो समयदेखि पहल गर्दैआएको थियो ।

कालीगण्डकी गाउँपालिका-५ बेल्टारीका अनिष न्यौपानेले स्याङ्जाबाट मिसन अस्पताल जाने छोटो बाटो नहुँदा बिरामीले अकालमै ज्यान गुमाउनुपरेका थुप्रै घटना बेहोर्नुपरेको सुनाउनुभयो । "पुल निर्माण गर्ने वर्षौंको हाम्रो सपना पूरा भएको छ", उहाँले भन्नुभयो, "मिसन अस्पताल जानआउन पुलले बाटो छोट्याउने भएपछि हामी खुसी छौँ ।" मोटरेबल पुल निर्माण भएपछि मालसमान ढुवानी गर्न, धार्मिक तथा पर्यटकीय यात्रा गर्न सहज हुने विश्वास गरिएको छ ।

# मनाङका चौपायामा लम्पी स्किन

**पोखरापत्र संवाददाता**
मनाङ, २८ असार

हिमाली जिल्ला मनाङका पशु चौपायमा लम्पी स्किन रोग (छालामा हुने गिर्खे रोग) देखिएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मनाङका पशु चिकित्सक नारायण कुसुमले चामे गाउँपालिका-२ थानचोकका किसानले पालेको एउटा गोरुमा लम्पी स्किनको लक्षण देखिएको जानकारी दिनुभयो । उहाँका अनुसार गोरुलाई उच्च ज्वरो आएको छ । गोरुको छालामा स-सानादेखि ठूलासम्म पूरै गिर्खा देखिएको उहाँले बताउनुभयो । "बिरामी गोरुले घाँस खान कम गरेको छ, ज्वरो र रोगका लक्षणअनुसारका गिर्खा देखिएको छ", कुसुमले भन्नुभयो ।

किसानले गोरु बिरामी भएको खबर गरेपछि मंगलबार उपचार गर्न जाँदा गोरुमा लम्पी स्किन रोगको लक्षण देखिएको कुसुमले बताउनुभयो । मनाङमा पाइने लुलु गाईबाट जन्मिएको गोरुमा सङ्क्रमण देखिएको उहाँले बताउनुभयो । उक्त गोरु होचो कदको रहेको छ । "गोरुलाई लम्पी स्किन रोगको उपचार सुरु गरिएको छ, अन्य गाईगोरुसँग सम्पर्क नहुने गरी छुट्टै राख्ने प्रवन्ध मिलाएका छौँ", कुसुमले भन्नुभयो । मनाङमा पहिलोपटक लम्पी स्किन रोग देखिएको हो । मनाङमा दुई हजार डोज लम्पी स्किन रोगविरुद्धको खोप ल्याएको कुसुमले जानकारी दिनुभयो । मङ्गलबारबाट चामे गाउँपालिकाका गाई गोरुमा लम्पी स्किन रोगविरुद्धको खोप लगाउन सुरु गरिएको छ । केही दिनपछि नार्सों गाउँपालिकाका किसानले पालेका पशुमा उक्त रोगविरुद्धको खोप लगाउन थालिने उहाँले बताउनुभयो । मनाङमा गाईगोरुको सङ्ख्या एक हजार पाँच सयको हाराहारीमा रहेको कुसुमले बताउनुभयो ।

# व्यवस्थित बन्दै गाईघाट झरना

**पोखरापत्र संवाददाता**
ढोरपाटन, २८ असार

बागलुङको उत्कृष्ट पर्यटकीय गन्तव्यमध्यको एक हो ताराखोलाको गाईघाट झरना । गलकोट नगरपालिका र ताराखोला गाउँपालिकाको सङ्गमस्थलमा रहेको यो झरना पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ ।

बाह्रै महिना सफा पानी नबग्ने यो झरनाको सौन्दर्य हरेक याममा एउटै देखिन्छ । गाउँपालिकाको प्रवेशद्वारमै रहेको यस झरनाले आगन्तुकलाई स्वागत गरिरहेको छ । गाउँपालिकाले झरनाको तीव्र प्रचारप्रसार र पूर्वाधार विकास गरेपश्चात् यहाँ पर्यटकको आगमनमा वृद्धि भएको छ ।

झरनालाई थप व्यवस्थित र पर्यटकमैत्री बनाउनका लागि ताराखोला गाउँपालिकाले हरेक वर्ष भौतिक पूर्वाधार निर्माणलाई जोड दिएको छ । चालु आर्थिक वर्षमा गाउँपालिकाले झरनासम्म पुग्ने गरी दरमखोलामाथि ट्रस पुल निर्माण गरेको छ भने तालसमेत निर्माण गरेको छ । चालु आर्थिक वर्षमा विनियोजन गरेको पाँच लाख रुपैयाँबाट झरना वरपरका क्षेत्रमा सोलार बत्तीसमेत जडान गरेको गाउँपालिकाका उपाध्यक्ष भीमबहादुर रोकामगरले जानकारी दिनुभयो । पहिले सडकदेखि झरनासम्म जोड्ने गरी निर्माण भएको झलुङ्गे पुल बाढीले बगाएपछि यस वर्ष नयाँ पुल निर्माण गरिएको उहाँको भनाइ छ । झरनाको सौन्दर्यकरणका लागि गाउँपालिकाले आगामी वर्षका लागि हरियाली पार्क निर्माणका लागि रु १५ लाख र पदमार्ग निर्माणका लागि रु १० लाख विनियोजन गरेको उपाध्यक्ष रोका मगरले बताउनुभयो । उपाध्यक्ष रोकामगरले भन्नुभयो, "अहिलेसम्म झरनाको अवलोकन उज्यालोको समयमा मात्रै गरिन्थ्यो, अब झरनाको रातको समयमा पनि अवलोकन गर्न सकिन्छ, अहिले सोलार बत्ती जडान भएको छ, पहिलेको तुलनामा अहिले धेरै पूर्वाधार निर्माण भइरहेका छन्, हामीहरुले पनि धेरैभन्दा धेरै पर्यटक भित्र्याउने गरी झरनाको सौन्दर्यकरण गर्ने र त्यस वरपर विभिन्न किसिमका संरचना बनाउने योजनामा छौँ, थप व्यवस्थित बनेपछि पर्यटक पनि बढी आउनु हुनेछ । पाँच वर्ष अगाडिको तुलनामा अहिले झरनाको स्वरुपमा धेरै परिवर्तन आएको स्थानीय अम्मरबहादुर नाइसाले बताउनुभयो । घर्तीले चार वर्ष अगाडिसम्म सुनसान रहेको झरनामा अहिले दैनिक ५०/६० जनाभन्दा बढी पर्यटक आउने गरेको उहाँको भनाइ छ । बिदाको समय र चाडपर्वका बेला तीन सयको हारहारीमा पर्यटक आउने गरेको नाइसा बताउनहुन्छ । झरनाले गर्दा मध्यपहाडी लोकमार्ग हुँदै ढोरपाटन र पातीहाल्ने जाने पर्यटक पनि यहाँ आउन थालेको उहाँको भनाइ छ ।

"यो झरना धेरै वर्ष पुरानो हो, पहिले झरना हुँदै हिँड्ने यात्रुले पानी पिउने ठाउँ थियो, अहिलेको जस्तो यस्तो चर्चित थिएन, पहिला यो झरना ओझेलमा थियो, ताराखोला आउने र ताराखोलाबाट बजार झर्नेले मात्रै यो झरना देख्ने गर्थे, बाहिरी मान्छे आउँदैनथे, अहिले धेरै मान्छे आउन थालेका छन्", उहाँले भन्नुभयो, "ठाउँ अलिकति विकट थियो, यस्तो ठाउँमा पर्यटक आउलान् भन्ने त हामीले सोचेका थिएनौँ तर यति धेरै पर्यटक आउन थाले, झरनाको फेद त कहिल्यै पनि खाली भएन, सबै भरिभराउ, यहाँ खाजा खाने र आराम गर्ने स्थल निर्माण गर्नसके अझै धेरै पर्यटक आउने थिए ।"

# आगामी आवमा थप नौ सय मेगावाट बिजुली थप हुन्छ : ऊर्जामन्त्री बस्नेत

**रासस**
काठमाडौं, २८ असार

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आगामी आर्थिक वर्षमा मुलुकको प्रणालीमा थप नौ सय मेगावाट बराबरको बिजुली थप हुने बताउनुभएको छ ।

राष्ट्रियसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको विभिन्न शीर्षकमाथि उठेको प्रश्नको जवाफमा उहाँले आन्तरिक खपत बढाउने नै सरकारको सोच रहेको र बढी भएको बिजुलीमात्रै विदेशमा निर्यात गरिने बताउनुभयो । हाल प्रणालीमा दुई हजार मेगावाट बराबरको बिजुली जोडिएको जानकारी दिँदै उहाँले ऊर्जा विकास दशकको मार्गचित्रका साथ काम गरिरहेको बताउनुभयो । आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली भारतलाई निर्यात गर्ने र त्यसका लागि कुल २० हजार मेगावाट बराबरको आयोजना निर्माणको प्रक्रिया अगाडि बढाइने सदनलाई जानकारी गराउनुभयो । उहाँले केही ठूला जलाशयुक्त आयोजना अगाडि बढाउने सोचका साथ सरकारले प्रक्रिया अगाडि बढाएको स्पष्ट पार्दै तल्लो अरुण आयोजनाका सन्दर्भमा धेरै पहिलेदेखि नै प्रक्रिया अगाडि बढेको बताउनुभयो । सांसदहरूले सो आयोजना भारतीय कम्पनीलाई किन दिइएको हो भनेर प्रश्न उठाउनुभएको थियो । मन्त्री बस्नेतले कृषि उपजको उत्पादन वृद्धि गर्ने उद्देश्यका साथ सिँचाइका आयोजनालाई पनि सरकारले प्राथमिकता दिएको बताउनुभयो । कर्णाली प्रदेशमा सिँचाइ सुविधा पुर्‍याउनका लागि एकीकृत कर्णाली सिँचाइ परियोजना अगाडि बढाइएको र आगामी आवका लागि रु ३० करोड बराबरको बजेट विनियोजन भएको जानकारी दिनुभयो । भारतसँग दीर्घकालीन सम्झौताअन्तर्गत १० हजार मेगावाट बराबरको बिजुली बिक्रीका लागि सम्झौता भएको जानकारी दिनुभयो । उहाँले बढी भएको बिजुलीमात्रै बिक्री गरिने भएकाले त्यसमा दुविधा नराख्न आग्रह गर्नुभयो ।


**Tribhuvan University**

**Institute of Forestry(IOF)**

**Pokhara Campus**

**Pokhara, Nepal**

## Invitation for Bids

**First Publication Date: 2080 Ashad 27**

**Supply and Delivery of Bus Chassis & Complete Body Making for 51 Seater Bus**

1. Office of IOF, Pokhara Campus, Pokhara Kaski invites sealed bids from eligible bidders for the procurement of following items:

| Descriptions | Quantity | Estimated Cost (Including VAT and all other Taxes) |
| --- | --- | --- |
| Bus Chassis & Complete Body Making for 51 Seater Bus of cubic capacity more than 5700 c.c. | One | 7,150,000.00 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Office Of IOF, Pokhara Campus, Pokhara Kaski Tel: 061-430469, Mail: info@iofpc.edu.np
3. Bidding documents may be purchased from the above office by eligible bidders on the submission of a written application accompanied by a letter of Authority from suppliers to the address above, along with the copy of company/firm registration certificate and Tax Clearance Certificate valid for F.Y. 2078/079, VAT/PAN Registration Certificate and upon payment of a non-refundable fee of NRs. 3,000/- deposited in the account (account name: Forestry Institute & account number 19200100579572000001) of Nepal Bank Limited, Prithvi Chowk Branch,
4. Sealed Bids must be submitted including the deposit of 2.5% of the bid amount in the form of cash OR bank guarantee of commercial bank to Office of IOF, Pokhara Campus, Pokhara-15, Kaski on or before 12:00 PM (Noon) on 2080 Shrawan 25. Documents received after this deadline shall not be accepted.
5. Bids shall be opened in the presence of Bidders' representatives, who choose to attend at the address above at 14:00 PM on 2080 Shrawan 26.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document. Noncompliance with this instruction shall result in disqualification.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. Details which is not mentioned on notice are followed by Public Procurement Act 2063 and Public Procurement Regulation 2064.

**Campus Chief**